नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २९८ • २०८३ साल असोज १८ गते आइतबार • Sunday 04, October 2026 • सूर्योदय: बिहान ०५:५७ बजे • सूर्यास्त: साँझ ०५:४६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## उद्योग दर्ता तथा नवीकरण अनलाइनबाटै

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा उद्योग व्यवस्थापन सूचना प्रणाली (आई एम आईएस) मार्फत अनलाइन उद्योग दर्ता तथा नवीकरण सेवा औपचारिक रूपमा सुरु भएको छ। उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले सेवाको उद्घाटन गर्दै अब उद्योगी तथा उद्यमीले कार्यालयमा पटक–पटक धाउनुपर्ने बाध्यता अन्त्य हुने बताए।

उद्योग विभागकी महानिर्देशक रीया साहका अनुसार मधेश प्रदेशका आठवटै जिल्लाबाट साना तथा मझौला उद्योग अनलाइनमार्फत दर्ता गर्न सकिनेछ। सेवाग्राहीले अनलाइन फारम भरेर आवश्यक कागजातसमेत अपलोड गर्नुपर्नेछ। अनलाइन प्रणालीबाट उद्योग दर्ता प्रक्रिया सहज, छिटो र पारदर्शी हुने अपेक्षा गरिएको छ।

## जनमतको महाधिवेशन:
# अध्यक्षमा सिके राउत निर्विरोध तर मतदान हुने



**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशन शनिबारदेखि वीरगंजको ओम पार्टी प्यालेसमा सुरु भएको छ।

महाधिवेशन उद्घाटन पार्टीका केन्द्रीय अध्यक्ष डा. सिके राउतले गरेका हुन्। महाधिवेशन उद्घाटन कार्यक्रममा रास्वपा संसदीय दलका उपनेता गणेश पराजुली, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ, जसपाका अध्यक्ष उपेन्द्र यादव, नेपाल समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारी, नेपाली कम्युनिष्ट पार्टीका नेता मातृका यादव, स्वतन्त्र नेता ऋषि धमलालगायतका वक्ताहरूले सम्बोधन गरेका थिए।

महाधिवेशनबाट पार्टीको नयाँ केन्द्रीय कार्यकारिणी समिति चयन हुनेभएको छ। महाधिवेशनको बन्दसत्रमा मुलुक भरका २ हजार ५०० प्रतिनिधि सहभागि हुने पार्टीले जनाएको छ।

- **अध्यक्षमा राउत निर्विरोध**

जनमत पार्टीको अध्यक्ष पदमा डा. सिके राउतको मात्रै उम्मेदवारी परेको छ। अध्यक्षमा एकल उम्मेदवारी परे पनि पार्टीको विधानअनुसार मतदान हुनेछ। अध्यक्षमा निर्वाचित हुन राउतले खसेको सदर मतको कम्तीमा २० प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था छ। अन्य पदमा भने प्रतिस्पर्धात्मक निर्वाचन हुँदैछ।

- **अन्यमा बढी उम्मेदवारी**

सात जना उपाध्यक्षका लागि १४ जना, एक जना महासचिवका लागि तीन जना, एक जना उपमहासचिवका लागि दुई जना र सात जना सचिवका लागि १० जनाले उम्मेदवारी दर्ता गराएका छन्। केन्द्रीय कार्यकारिणी समिति सदस्यका लागि ७३ जनाको उम्मेदवारी दर्ता भएको छ।

उपाध्यक्षमा वसन्तकुमार कुशवाहा, अनिता साह, अनिता मण्डल, डा. जयकान्त राउत, नरेन्द्रप्रसाद चौधरी, माधवप्रसाद सिंह, राजकुमार यादव (त्यागी), डा. कमरुल्लाह अन्सारी, सञ्जयकुमार मिश्र, मदनेशकुमार चौधरी, परमेश्वर मुर्मु, रोशन खातुन, हरपाल सिंह सोडी र मनोहरीदेवी बैठाले उम्मेदवारी दिएका छन्।

महासचिवमा चन्दन सिंह, ममता झा र सञ्जयकुमार यादव तथा उपमहासचिवमा निर्मलकुमार मण्डल र ललितचन्द्र मल्लिक उम्मेदवार छन्।

सचिव पदमा सन्तोषकुमार सहनी, सुरेन्द्र शर्मा मधेशी, हरेन्द्र चौधरी, अञ्जनीदेवी, रोहित महतो, पारसप्रसाद साह, राधाकुमारी यादव, बालगोविन्द चौधरी, वीरेन्द्र महतो (जीवन त्यागी) र रामबाबु साहले उम्मेदवारी दिएका छन्।

निर्वाचनसम्बन्धी निर्देशिकाअनुसार महाधिवेशनबाट १ सय केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्य निर्वाचित हुनेछन्। बाँकी ५१ सिटमा समावेशी ढङ्गबाट मनोनयन गरिने पार्टीले जनाएको छ।

## पाँच वर्षमा पनि अलपत्र
# प्रदेश जनलोकपाल आयोग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा आर्थिक सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई बलियो बनाउने उद्देश्यले स्थापना गरिएको प्रदेश जनलोकपाल आयोग पाँच वर्ष पुग्न लाग्दा पनि अपेक्षित भूमिकामा स्थापित हुन सकेको छैन। आयोग गठन भएको लामो समय बितिसक्दा पनि सञ्चालनका लागि आवश्यक नियमावली बन्न नसक्नुका साथै पर्याप्त जनशक्ति र अधिकार नपाउँदा संस्था प्रभावहीनजस्तै बनेको छ।

२०७८ भदौ २२ गते तत्कालीन प्रदेश सरकारले प्रदेश जनलोकपाल आयोग स्थापना गरेको थियो। प्रदेश सरकार तथा स्थानीय तहबाट हुने आर्थिक अनियमिततासम्बन्धी उजुरीमा प्रारम्भिक अनुसन्धान गर्ने, आवश्यक कागजात झिकाउने, छानबिन गर्ने र अनुसन्धानबाट भ्रष्टाचार देखिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने उद्देश्य आयोग स्थापनाको क्रममा अघि सारिएको थियो।

तर, स्थापनाको पाँच वर्ष पुग्न लाग्दासमेत आयोगले आफ्नो घोषित भूमिकाअनुसार काम गर्न सक्ने कानुनी र संस्थागत आधार तयार हुन सकेको छैन। आयोगका अध्यक्ष रामसहाय राय यादव स्वयंले पनि अपेक्षाअनुसार उपलब्धि देखाउन नसकेको स्वीकार गरेका छन्।

उनका अनुसार आयोग स्थापना भएदेखि नै आवश्यक नियमावली निर्माण हुन नसक्नु र सरकारले पर्याप्त अधिकार तथा जनशक्ति उपलब्ध नगराउनु मुख्य समस्या हो।

'हामीले जिम्मेवारी सम्हालेको पाँच वर्ष पुग्न लाग्यो। तर, आयोगको मुख्य उपलब्धि के हो भनेर देखाउन सकिरहेका छैनौँ। सरकारले यो आयोगप्रति आवश्यक चासो नदिँदा हामी बेसहारा बनेर बसिरहेका छौँ,' अध्यक्ष यादवले भने।

**सदस्य आए, गए; समस्या उस्तै**

आयोग गठन हुँदा अध्यक्ष यादवसँगै पूर्वडिभिजन इन्जिनियर राजकिशोर साह र शोभा महतो सदस्य थिए। प्रभावकारी ढंगले काम गर्ने अपेक्षासहित जिम्मेवारी सम्हाले पनि आवश्यक कानुनी तथा

बाँकी पृष्ठ ३ मा

# आजदेखि कांग्रेसको १५औँ महाधिवेशन



**काठमाडौँ।**
नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले निर्वासनबाट स्वदेश आगमनपछि पहिलो सार्वजनिक सम्बोधन गरेकोस्थलमा पार्टीको १५औँ महाधिवेशन हुँदैछ। कांग्रेसको १५औँ महाधिवेशन आज आइतबार दिउँसो २ बजे टुँडिखेल खुलामञ्चमा उद्घाटन हुँदैछ। त्यही टुँडिखेलमा कांग्रेसका अर्का संस्थापक नेता गणेशमान सिंहले निरंकुश सत्ताको अन्त्यका लागि भएको २०४६ सालको जनआन्दोलनको सफलताको उद्घोष गरेका थिए।

महाधिवेशनको उद्घाटन सभापति गगनकुमार थापाले गर्ने उद्घाटन सत्रमा कांग्रेसका शीर्ष नेताहरूका साथै मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको समेत सम्बोधन हुने बताइएको छ। महाविधेशनको तयारीसम्बन्धी जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा देवराज चालिसेले भने, 'यो यसकारण पनि ऐतिहासिक महाधिवेशन हो, जुन महाधिवेशनको प्रक्रियाबाट नवपुस्ताका ४४ हजार युवा जिम्मेवारीमा आएका छन् र उनीहरूसहितले छानेका सात हजारभन्दा बढी प्रतिनिधिहरू सहभागी हुँदैछन्।' २०८२ पुस २८ देखि माघ ३ गते सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनपछि यो महाधिवेशन हुन लागेको उनले जानकारी दिए।

कांग्रेसको यस महाधिवेशनबाट पैँतीस वर्ष मुनिका युवाका साथ लोकतन्त्र सेनानी, श्रमिक तथा पेसागत समूह र विदेशमा रहेका नेपालीसमेत पहिलोपटक केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने अवसर पाउँदै छन्।

'ऊर्जाशील कांग्रेस, नयाँ सङ्कल्प' यस महधिवेशनको मूल मन्त्र राखिएको छ। 'छलफल सत्रमा नयाँ सङ्कल्पका विषयमा गहन छलफल हुनेछ र यसको कार्यान्वयनको खाका तयार गरिने छ,' प्रवक्ता चालिसेले भने, 'यो महाधिवेशनले यी सङ्कल्पलाई कसले कार्यान्वयन गर्न सक्छ भनेर नेतृत्व चयन गर्नेछ। यो महाधिवेशनको सम्पूर्ण प्रयास कांग्रेसमा विधि र पद्धति निर्माण गर्नमा केन्द्रित हुनेछ।'

नेपाली राजनीतिमा कांग्रेसले धेरै इतिहास रचेको र अब नयाँ इतिहास निर्माण गर्न चाहेको उल्लेख गर्दै उहाँले कांग्रेसले अब बिपी कोइरालालाई इतिहासबाट भविष्यसँग जोड्ने र यसका लागि देशको समृद्धिको वैचारिक आधार बिपी विचारलाई बनाइने जानकारी दिए। महाधिवेशनमा देश तथा विदेशबाट महाधिवेशन प्रतिनिधिहरू सहभागी हुन काठमाडौँ आउनेक्रम जारी रहेको र झण्डै सात हजार ५ सय महाधिवेशन प्रतिनिधि रहने पार्टी कार्यालयले जनाएको छ।

शनिबारदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा महाधिवेशन प्रतिनिधिको दर्ता प्रक्रिया सुरु भएको छ। महाधिवेशन प्रतिनिधिले सहभागिता दर्ताबापत तीन हजार ५ सय रुपैयाँ बुझाउनुपर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ। त्यस्तै, आवास व्यवस्थापन समितिले हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट एक–एक जना संयोजक तोकेर सम्बन्धित भूगोलका महाधिवेशन प्रतिनिधिका लागि बसोबासको समन्वय गर्ने प्रबन्ध गरेको जनाएको छ।

सहभागीले आवाससम्बन्धी

बाँकी पृष्ठ ३ मा

# खेतमा बिछ्याइएको खुला विद्युतीय तारको करेन्टले तीनको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
गौरसँग सीमा जोडिएको भारतको बिहारस्थित सीतामढी जिल्लामा धान खेतमा बिछ्याइएको खुला विद्युतीय तारमा करेन्ट लागेर तीन जनाको मृत्यु भएको छ।

बैरगनिया प्रखण्डअन्तर्गत अख्ता पश्चिमी चकवा पञ्चायत–५ को तकिया टोलमा शनिबार बिहान भएको घटनामा तीन स्थानीयवासीको घटनास्थलमै मृत्यु भएको हो। करेन्ट लागेर अन्य तीन जना गम्भीर घाइते भएका छन्। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

घटनास्थलमा दुई वटा जंगली बँदेलसमेत मृत अवस्थामा भेटिएका छन्। प्रारम्भिक विवरणअनुसार धानबाली जोगाउन जंगली जनावर रोक्ने उद्देश्यले खेतमा खुला विद्युतीय तार बिछ्याइएको हुन सक्ने आशंका गरिएको छ।

भैंसी खोज्दै खेततर्फ पुगेका स्थानीयवासीलाई खेतमा विद्युतीय तार बिछ्याइएको जानकारी नभएका कारण उनीहरू करेन्टको चपेटामा परेको बताइएको छ।

घटनापछि स्थानीय प्रशासन तथा प्रहरीले घटनाको थप अनुसन्धान अघि बढाएको जनाइएको छ।



सम्पादकीय

## बिजनेसविहीन मधेश प्रदेश सभा:

# सत्ता जोगाउने ध्याउन्न र सुशासनको उपहास

मधेश प्रदेश सभा विगत अढाइ महिनादेखि बिजनेसविहीन बनेको दृश्यले प्रदेश सरकारको अकर्मण्यता र जनउत्तरदायित्वप्रतिको उदासीनतालाई छर्लङ्ग पारेको छ । जनताका बहुआयामिक समस्याहरू गुन्जिनुपर्ने र कानुन निर्माणका गहन बहसहरू हुनुपर्ने सर्वोच्च जनप्रतिनिधि संस्था यतिबेला सुनसान र निष्क्रिय जस्तै बनेको छ । जनताका मुद्दाहरू ओझेलमा पारेर संसद्लाई कामविहीन बनाउनु लोकतान्त्रिक व्यवस्था र प्रादेशिक संरचनाकै औचित्यमाथि प्रश्न उठाउने कदम हो।

संसद् सञ्चालनका लागि न त कुनै नयाँ विधेयक वा एजेन्डा अघि सारिएका छन्, न विगतका कामकारबाही र नीतिहरूको गम्भीर समीक्षा नै हुन सकेको छ । मधेशका कृषि, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारजस्ता ज्वलन्त चुनौतीहरूमाथि विधायकी बहसमार्फत निकास खोज्नेतर्फ संसद्मा कुनै तत्परता देखिँदैन । जनप्रतिनिधिमूलक थलोलाई जीवन्त र क्रियाशील बनाउनुको सट्टा अढाइ महिनासम्म बिजनेसविहीन बनाएर थन्क्याउनुले विधायकी दायित्वप्रतिको चरम गैरजिम्मेवारीपनलाई उजागर गर्दछ।

प्रदेश सभा निष्क्रिय हुनुको मुख्य कारण सरकारको ध्यान जनसेवा र कानुन निर्माणभन्दा पनि केवल सत्ता टिकाउने दाउपेचमा मात्रै सीमित हुनु हो । राजनीतिक जोडघटाउ, गुटबन्दी र कुर्सी जोगाउने खेलमा तल्लीन सरकारका लागि जनताका दैनिकी र विकासका प्राथमिकताहरू ओझेलमा परेका छन् । जब नेतृत्वको सम्पूर्ण ऊर्जा र समय केवल सत्ता संरक्षणको रणनीतिमै खर्च हुन्छ, तब संसद् पङ्गु हुनु र नीतिगत कामहरू ठप्प हुनु स्वाभाविक ठहरिन्छ।

सरकारको यो अकर्मण्यता व्यवस्थापिकीय काममा मात्र सीमित नरहेर प्रशासनिक सञ्चालनमा समेत छताछुल्ल भएको छ । हालै बढुवा भएका कर्मचारीहरूलाई नियमानुसार पदस्थापन गर्नमा समेत गरिएको आनाकानी र तानातानले सुशासनको ठाडो धज्जी उडाएको छ । निजामती प्रशासनलाई चुस्त र निष्पक्ष बनाउनुको सट्टा प्रशासनिक सरुवा–बढुवा र पदस्थापनमा संकीर्ण स्वार्थ हाबी गराउनुले प्रदेशमा अराजकता र थप अन्योल सिर्जना गरेको छ।

अतः, मधेश प्रदेश सरकार र जनप्रतिनिधिहरूले संसद्को यो अनिर्णय र सन्नाटालाई तत्काल चिर्नु आवश्यक छ । सत्ताको जोडघटाउ र प्रशासनिक मनपरी त्यागेर प्रदेश सभालाई कानुन निर्माण, बजेट कार्यान्वयनको अनुगमन र जनजीविकाका मुद्दामा केन्द्रित गराउनुपर्छ । अढाइ महिनाको यो गतिरोध अन्त्य गर्दै पारदर्शी कामकारबाही, सुशासन र जनउत्तरदायी नीतिमार्फत मात्र प्रदेश सरकारले आफ्नो गुम्दै गएको जनविश्वास पुनः प्राप्त गर्न सक्नेछ।

# प्रिय टेकराज ! तिमीलाई बिदाइ होइन, बस् सम्मान...

–कालिका खड्का

प्रिय श्रीमान् 'जी' !
पशुपतिनाथमा यतिका धेरै मानिस भेला भएर तिमीलाई 'बिदाइ' गरे भन्ने लाग्यो होला । सायद देख्यौ होला तिमीले । कृपया त्यस्तो नठान । किनभने उहाँहरू तिमीलाई सदाका लागि बिदाइ गर्न होइन, उहाँहरू त तिम्रा सत्कर्मको सम्मानमा भेला हुनुभएको हो । परिवारजन, आफन्त, साथीभाइको समूह, सबै।

आफ्नो ज्यान नै जोखिममा राखेर धेरैलाई जीवन दियौ तिमीले । पत्रकारितालाई भन्ने गरिएको आवाजविहीनहरूको आवाजको एक सच्चा पहरेदार तिमी थियौ। त्यसैले त कहिले मिटरब्याज पीडितको साथमा उभियौ त कहिले सहकारी पीडितको आँसु लेख्न । प्राकृतिक विपद् पीडितहरूका कथा र व्यथा धेरै लेख्यौ र आफ्नो लेखनीमार्फत् उनीहरूका लागि न्यायको याचना गरिदिन कहिल्यै पछि परेनौ। म नै साक्षी हुँ, पीडा भोग्न नसकेर रुँदै तिमीलाई फोन गर्नेहरू धेरै हुन्थे। पीडितले भक्कानिएका स्वरले न्यायका लागि समाचार लेखिदिन अनुरोध गर्ने गरेका आवाजहरू मेरो मन–मस्तिष्कमा अहिले पनि ताजै छन्।

तर....। भोटेकोशी बाढीको मुखमा परेर तिमी विलय हुँदा तिम्रा लागि हामी रोएको तिमीले सुनेनौ। तिमीलाई बाढीले कति हिर्कायो, लुछ्यो, कति दुख्यो होला। कसरी सास त्याग्यौ होला रु तिम्रो त्यो पीडालाई कल्पना गर्न पनि सक्दैनौँ। तिमीलाई त सास त्यागेपछि पीडा सकियो होला, मेरा लागि यो पीडा जीवनभर सकिने छैन।

तिमीले साँच्चै, पत्रकारितामार्फत निमुखाको आवाज बोलेका कथाहरू अनगिन्ती छन् । दुई दशकको पत्रकारितामा तिमीले समाज र राष्ट्रका लागि जति जे गर्न सक्यौ नि, त्यो पूरै जिन्दगीमा दिएको योगदानभन्दा बढी छ। अथाह छ। तिमीले जीवन दिएकाहरूले सदा सम्झने छन्।

'जिउँदा मान्छेहरूलाई इँटाभट्टामा जलाउने' अफ्ताव आलमसम्बन्धी समाचार लेख्दा ज्यानको बाजी राखेर रौतहट पुगेका थियौ। त्यत्रो जोखिममा रिपोर्टिङ गरेको सम्झिँदा अहिले पनि मेरो आङ सिरिङ्ग हुन्छ । एउटा पत्रकारको यतिसम्म आँट र हिम्मत देखेर उत्तिकै गर्व लाग्छ। सायद मेरो भागमा त्यो काम आइपरेको भए मेरा खुट्टा काँप्थे होलान् । त्यस्तो परिस्थितिमा मेरो मात्र होइन, धेरै पत्रकारको खुट्टा काँप्थे होलान्।

तिमीले दाहसंस्कारमा 'नो डिस्काउन्ट'सम्बन्धी समाचार तयार गर्दा कोभिड–१९ को कहालीलाग्दो समय थियो । सरकारले सबैलाई घरमा बस्न अपिल गरेको थियो । तर, तिमीले पशुपति घुम्न जान्छु भनेर निस्कँदा जुन दृश्य देखेर समाचार तयार गर्यौ । त्यो परिवारका लालाबालाले त जीवनमा सास फेर्न पाए । नयाँ जीवन पाए नै।

धेरै असहाय, विपन्नले अहिले निःशुल्क दाहसंस्कार गर्न पाएका छन् । ती स्मृतिहरू ताजै छन् । तिमी आफैँ पनि पशुपति बेलाबेलामा जान्थ्यौ । अस्पतालमा उपचार गर्दागर्दै पैसा सकिएर दाहसंस्कार गर्न पैसा नभएकालाई तिमीले धेरैलाई सहयोग गर्थ्यौ । आफ्नो खातामा पैसा नभएको बेला 'यो क्युआरमा पैसा हाल्देउ न' भनेर मलाई बेलाबेला भनिरहन्थ्यौ । तिमीलाई मन्दिर जाँदा पैसा धेरै साटेर लैजानुपर्थ्यो । सकेसम्म सबैलाई दिनुपर्ने तिम्रो बिर्सनै नसकिने बानीहरू ताजै छन् । कतिले तिमीलाई टेकराज भनेर नचिने पनि सहयोग गरिरह्यौ।

सधैँ खोज, अध्ययन, अनुसन्धान गरेर मात्रै समाचार तयार गर्ने तिम्रो बानीबाट मैले पनि सिकेको छु । भूकम्प, कोभिड, बाढीपहिरो, डुबानदेखि ट्रोनाडोसम्मका प्राकृतिक दुःख कष्ट आइपर्दा आफैँ अघि सरेर गइहाल्थ्यौ । आफ्नो अफिसबाट 'यसो गरुँ' भनेपछि जतिबेला पनि 'नो' नभन्ने, कामप्रति ज्यादै इमानदार कलमजीवी मान्छे तिमी।

कोभिड–१९ को सङ्क्रमण फैलिरहेको अत्यन्तै त्रासको बेलामा विदेशबाट पहिलो पटक नुवाकोटमा कोभिड सङ्क्रमणबाट मृत्यु भएको शव आयो भन्ने खबर आयो। दिउँसोको २:०० बजे हाराहारीको समय थियो। तिमी घरमै थियौ। नयाँ पत्रिकाबाट फोन आयो। 'टेकराजजी, तपाईँ नुवाकोट रिपोर्टिङ गर्न जानुपर्ने भयो ।' पहिलो शब्दमै 'हुन्छ' भनेर स्वीकृति दियौ। 'हुन्छ' मात्रै भनेनौ, तत्काल एउटा झोलामा ल्यापटप, चार्जर हालेर हिँडिहाल्यौ । 'बाटोमा ढिला हुन्छ, खाजा खाएर जाऊ' भन्दा पनि हिँडिहाल्यौ । झमझम पानी परिरहेको थियो। बाइकमा चिप्लो बाटो राति १०:०० बजेतिर पुगेको खबर गरायौँ।

त्यहाँ पुग्दा कोभिड लिएर काठमाडौँबाट आएको भनेर कसैले बास दिएनन् रे । त्यो कहालीलाग्दो समयमा त्यो रातिको अवस्था कस्तो भयो होला रु भोक प्यासको त कुरै भएन। बस्ने बास छैन। यस्ता धेरै घटनाहरू रिपोर्टिङका समयमा तिमीले भोग्यौ । 'नयाँ पत्रिका'ले मात्र होइन, यति इमानदार, कर्तव्यनिष्ठ, यतिसम्म बफादार पत्रकार फेरि नेपाली मिडियाले पाउला कि नपाउँला १ कामप्रतिको मोह पनि त्यतिकै असाध्यै लोभलाग्दो थियो। काम गर्दै जाँदा रातिको १–२ बजेको पनि पत्ता नपाउने । आफ्नो काम नसकेसम्म गरिरहने । पदप्रतिको मोह कत्ति पनि थिएन । पैसाप्रतिको मोह पनि कहिल्यै देखिन । पैसा आवश्यकता हो तर ठूलो कुरा होइन, मानिसमा इमान चाहिन्छ, पत्रकारिता पेसामा त अझै धेरै इमान चाहिन्छ भन्थ्यौ। कसैले समाचार लेख्दा पैसाको प्रलोभन देखाउँदा 'तपाईं गलत ठाउँमा आउनुभएछ, कृपया जानुस्' भनेर नयाँ पत्रिका कार्यालयबाट पठाएको कुरा मलाई सुनाएको धेरै महिना बितेको छैन।

पैसाको कमी तिमीलाई थियो होला तर कहिले पनि आफ्नो इमान छाडेनौ। जतिसुकै जोखिमको रिपोर्टिङमा जान पनि मैले रोकिन । मलाई सधैँ लाग्थ्यो र लाग्छ, 'हरेक मानिस स्वतन्त्र हुन्छ, जीवनसाथीका रूपमा मैले तिम्रो स्वतन्त्रता खोस्न मिल्दैन, श्रीमानप्रतिको मेरा धारणा सुनेर मेरा साथीहरू पनि अनौठो मान्थे । मैले सदा तिम्रो काममा साथ दिएँ किनकि तिमी सत्कर्ममा थियौ। सत्मार्गमा थियौ। सत्यको पक्षमा न्याय मिल्ने गरी कलम चलाउँथ्यौ।

प्रिय जी ! तिमीलाई मैले मायाले बोलाउने नाम थियो । 'जी' तिमी इमानको अर्को नाम हौ । तिमीले मेरो काम, मेरो पढाइमा त्यति सहयोग ग¥यौ। कहिलेकाहीँ मलाई यस्तो मान्छे पनि हुँदो रैछ भन्ने लाग्थ्यो। दुवै जना पढ्दै गरेका विद्यार्थी, भर्खरै 'करिअर' सुरु गरेका। ब्याचलर सकेपछि विवाह भएको थियो । न परिपक्वता, न पढिसकेको, न राम्रो जागिर । त्यतिकैमा हाम्रो दुःखलाई मेटाउने खुसीको बहार लिएर छोरी जन्मिई।

दुवै जना पत्रकारितामा स्नातकोत्तर भर्ना गर्ने तयारीमा थियौँ तर छोरी कसले हेर्ने भन्ने प्रश्न आयो । तिमीले भन्थ्यौ, 'तिमी पहिला पढ, म छोरी हेर्छु, अनि म पढुँला ।' मेरो पढाइ सकेपछि तिमीले स्नातकोत्तर ग¥यौ। तिमीले मेरो काममा साथ नदिएको कुनै पल थिएन। मैले गर्छु भनेको काममा अवरोध गरेको कुनै सम्झना छैन । पलपलमा तिम्रो साथ थियो । 'जी' तिमीलाई बिर्सिने कुनै ठाउँ नै छैन।

'जेनजी' आन्दोलन (२०८२ भदौ २३) को दिन नयाँ बानेश्वरको संसद् भवन अगाडि रिपोर्टिङमै थियौ । निषेधाज्ञा तोडियो । गोली चल्यो, पत्रकारलाई पनि गोली लाग्यो भनेपछि मैले त्यहाँबाट विस्तारै निस्क भनेँ । 'पत्रकार भएर डराएर हुन्छ ?' भनेर त्यहाँबाट निस्किनै मानेनौ। मैले फेरि धेरैपटक त्यहाँबाट निस्किन अनुरोध नै गरेँ। अनि बल्ल त्यहाँबाट हिँडेका थियौ। डर भन्ने अलिकति पनि नभएको निडरपनको पत्रकार, अदम्य साहसको प्रतीक हौ तिमी। साँच्चै, मलाई



र छोरीलाई तिम्रो बानी देखेर धेरै अचम्म लाग्थ्यो। पत्रकार भएर डराउनु हुँदैन भन्ने तिम्रो दृढ मान्यता थियो । त्यही कुरा सायद प्रकृतिलाई पनि मन्जुर भयो।

'जी' तिमीले साँच्चै सास फेर्न गाह्रो भएकालाई सास दियौ । बेसाहाराहरूको सहारा बन्यौ । सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिका दैनिकमा लामो समय काम गर्दा कैयौँ समाचार लेख्यौ । तिमीले समाचारका लागि समाचार होइन, न्याय, सुशासन र आवाजविहीनहरूको आवाज उठायौ । पत्रकारिताको इतिहासमा तिम्रो हिम्मत र साहसको सदा उच्च सम्मान र स्मरण हुनेछ।

तिमी अब्बल पत्रकार मात्र होइन, तिमी कुशल शिक्षक थियौ । विद्यार्थीलाई पढाउँदा तिमीले जीवन दर्शन दिनुपर्छ भन्थ्यौ । छोरी 'बाबा मेरो स्कुलमा शिक्षक भएर आउनुस्' भनिरहन्थिन् । सरस्वती क्याम्पस, बागीश्वरी क्याम्पस र समृद्धि क्याम्पसमा पढाउँदा सधैँ विद्यार्थीलाई पुस्तकको ज्ञान मात्र होइन, जीवनमा असल नागरिक बन्ने कलासमेत पढाउँथ्यौ । एउटा असल शिक्षकले सयौँ विद्यार्थीलाई असल नागरिक बनाउन सकिन्छ भनेको हिजोजस्तो लाग्छ । तिमीले विद्यार्थीलाई पढाउने प्रस्तुतिहरू कम्प्युटरमा तिम्रै प्रतीक्षा गरिरहेका छन्।

कुशल पत्रकारिता र असल शिक्षक मात्र होइन, तिमी आफ्नो मातृभाषा थामी भाषामा पनि निकै निपुण थियौ।

गोरखापत्रमा थामी भाषाको पृष्ठ संयोजक, थामी भाषाको पुस्तक लेख्ने, विद्यालयको पाठ्यक्रम तयार गर्ने, भर्खरै कक्षा चारको थामी भाषाको पुस्तक तयार गरेर पढाउन सुरु गरेका थियौ। नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामीसँग 'अब त थामी भाषाको पाठ्यपुस्तक लेख्न मलाई आइडिया आयो, म अरू किताब लेख्न सक्छु' भनेर खुसीले फोनमा कुरा गरेको अस्तिजस्तो लाग्छ तर तिम्रो हातले थामी भाषाको पुस्तक चार कक्षासम्म मात्र लेख्न भ्याए । आफ्नो भाषाको खम्बा सम्पर्कविहीन भएपछि नेपाल थामी समाजमा बेचैन भएको तिमीलाई थाहा भयो कि भएन ?

तिम्रो पिएचडी गर्ने धोको थियो । एउटा पुस्तक प्रकाशन गर्ने अन्तिम तयारी थियो। दसैँसम्म सक्छु भनेर लेखिरहेका थियौ । एउटा गाडी किनेपछि घरको पार्किङ पूरा हुन्छ भन्थ्यौ । सायद तिम्रा अधुरा सपना धेरै थिए । हरेक महिना पहिलो शनिबार परिवार नै 'ट्रेकिङ' जाने योजना बनाएका थियौ । त्यो योजना सुरु नै नभई अन्त्य भयो । प्रकृतिले यति क्रूर रूप देखाउला र तिमीलाई 'अइया' भन्न समेत नदेला भन्ने कल्पनै भएन । सुन्दर भविष्य र सपनाहरू बोकेर हिँडेको एउटा कञ्चन मान्छेलाई अकल्पनीय रूपमा प्रकृतिले आफैँसँग लियो।

प्रिय जी ! तिमीलाई लाग्यो होला। मलाई यति कष्ट पर्दा मेरी श्रीमतीले खोजिनन् भनेर । त्यो सत्य होइन। मैले खोजेर भेटिने भए, मैले मेरो पूरै ज्यान दिन्थेँ । भदौ १० गते बुधबार बिहान 'साउथ एसिया रिसर्च सेन्टर इन सउथवेस्ट चाइना' का आयोजक बिहान ७:०० बजे मितेरी पुलमा चिनियाँ साथी लिन आउने कुरा थियो । मलाई लाग्यो, बिहान आयोजकले लिएर जानुभयो । चीनतर्फ फोन लाग्दैन। हिमपहिरोपछि बत्ती नभएर इन्टरनेट उपलब्ध हुन सकेन । फोन म्यासेजको प्रतीक्षा गर्दागर्दै त्यो दिन बित्यो । भोलिपल्ट बिहान लिन आउने स्थान रसुवागढी पुल नै भएको भन्ने बोध भयो तर लगत्तै पत्रकार अन्वेषण अधिकारीलगायतले अनलाइन देखेको भन्ने भयो । सम्पर्कमा तिमी आउँछौ भन्ने विश्वास भयो।

जी ! तिम्रो बानी फेरि अनौठो थियो। केही गरी एक–दुई घण्टा सम्पर्कमा म आउन सकिनँ भने तिमी आत्तिन्थ्यौ तर तिमी काममा गएका बेला काम सकेर विस्तारै एक–दुई दिनमा विस्तारै सम्पर्कमा आउँथ्यौ। यसपालि पनि मलाई यस्तै लाग्यो। तिमी सम्पर्कमा आउँछौ भन्ने ढुक्कमा थिएँ म। प्रतीक्षा गर्दागर्दै दिन बित्यो, रात बित्यो तर फोन म्यासेज केही आएन । लिन आउने आयोजक पनि बुधबार बिहान ८:१९ पछि अनलाइन देखिएनन् । शुक्रबार थाहा भयो कि तिमीले कसैलाई फोन गर्न भ्याएकै थिएनौ । मोबाइलको सिम ट्र्याकिङ गरेर हेर्दा रसुवागढी बोर्डरमै ८:२१ मा तिमीलाई देखायो । बिहान ८:४० मा हिमपहिरो आयो। त्यसले यति क्रूर रूप देखायो कि तिमीलाई एक पल केही सोच्नै दिएन।

तिमीलाई खोज्ने क्रममा परराष्ट्र मन्त्रालय पुगेर नेपाल–चीनको सीमाको अध्यागमन इन्ट्री र पास भए÷नभएको हेरेँ। पास भएको नामावलीमा तिम्रो नाम कहीँ देखिएन। मानसरोवर जाने र लाङटाङ जाने ६–७ सय मानिस लाइनमा थिए भन्ने जानकारी प्राप्त भयो। हुन त तिमीसँग अघिल्लो दिन बेलुका कुरा हुँदा भनेका थियौँ, मानसरोवर जानेको धेरै भीड छ भनेर तर मैले त्यतिसम्म भीड होला अनि, प्रकृतिले त्यतिसम्मको क्रूरता देखाउला भन्ने अनुमान नै भएन।

चिनियाँ दूतावासमार्फत् खोजिदिन अनुरोध गरेँ। सञ्चारमन्त्रीले फोन गर्नुभयो। गएर कुराकानी गरेँ । खोज्नका लागि कहाँकहाँ पुग्नुपर्ने हो, सबै ठाउँमा पुगेँ। तर तिमीलाई खोज्न सम्भव नभएको सुनेपछि धेरै दिन म मुर्छित भएँ। मलाई असाध्यै सहनै नसक्ने पीडा भयो । मलाई एक प्रकारले निरीह महसुस भयो। म मात्रै होइन भाइ (देवर) विदेशबाट आएर नेपाली सेनाको हेलिकप्टरमा खोज्न भनेर रसुवा–नुवाकोट निस्किनुभयो। हाम्रा भाइहरू अस्पताल अस्पताल धाए तर तिमीलाई कहीँ भेट्न सकेनन्। हार खाएर बेपत्ताको सूचीमा फोटो टाँसेर भक्कानिँदै खाली हात फर्किए।

तिमीलाई लाग्यो होला जी ! तिमी हराएपछि विक्षिप्त तिम्रो श्रीमती मात्रै भइनँ, तिम्रो छोरी, तिम्रो बाबुआमा, परिवार सबै आँसुको तलाउमा डुबे। तिमीलाई माया गर्ने कसैको आँखा ओभानो थिएन । तिमीले पढाउने कलेजका शिक्षक, विद्यार्थीले सकुशल भेटियोस् भनेर प्रार्थनासभा नै गरे । तिमीले अँगालेको पत्रकारिता क्षेत्र, सिङ्गै देश शोकमा डुब्यो। तिम्रो उपस्थिति नहुँदा तिम्रो सम्मानमा सबै एक ठाउँमा उभिनुभयो। त्यो तिम्रो सिङ्गो जीवनको कमाइ हो जी ! तिमी दुःखी नहुनु । तिमीले आफ्नो जीवनकालमा जति जे गर्न भ्यायौ। समाजका लागि, राष्ट्रका लागि दिएर गयौ । तिमी देशलाई माया गर्ने एउटा असल नागरिक हुनुका नाताले आफ्नो कर्तव्य सफलतापूर्वक निर्वाह गर्यौ।

तिम्रो खबरको प्रतीक्षामा दिनरात जुट्दाजुट्दै झण्डै महिना बित्न लाग्यो । सबैले तिमीलाई प्रकृतिले लिएको कुरा स्वीकार गर्न अनुरोध गर्नुभयो। सबैले मलाई बलियो हुनुपर्छ भन्नुभयो। यसरी जीवन चल्दैन भन्नुभयो । कसरी ? म आफैँले आफैँलाई पटकपटक प्रश्न गरेँ तर, म प्रयास गरिरहेकी छु। किनकि हाम्रो सहयात्रा सुरु भएदेखि नै 'मेरो श्रीमती सक्षम छिन्, मलाई केही भइहाल्यो भने पछि बच्चालाई राम्रोसँग हेर्छिन् भन्थ्यौ, तिमी मेरो श्रीमती मात्रै होइन, आमा हौ, देवी हौ, सबैथोक हौ भन्थ्यौ।'

श्रीमतीलाई मात्रै होइन, स्त्रीजातिप्रति तिम्रो विशेष सम्मान थियो। महिलाहरू आत्मनिर्भर हुनुपर्छ। सक्षम हुनुपर्छ भनिरहन्थ्यौ । तिम्रो साथ, आँट, भरोसा, माया र विश्वास सायद मेरो जीवनको खुट्टा टेक्ने बलियो आधार तयार भएको छ। तिमी सधैँ स्वाभिमानी भएर, खुसी भएर शीर ठाडो बनाएर हिँड्नु भन्थ्यौ। तिम्रो हँसिलो अनुहार देख्नेबित्तिकै सबै दुःख भुल्छु भन्थ्यौ । केरुङ जानु केही दिनअघि मात्रै भनेका थियौ, 'देशमा अशान्ति छ, विश्वभरि नै केही न केही अशान्ति छ, मेरो घरमा मात्रै शान्ति छ भन्थ्यौ, त्यो शान्तिको नाम तिमी रहेछौ, तिमी हराएदेखि घर अशान्त छ।' यो सबै सम्झिएर तिम्रो विश्वासमा म धुमिल हुन दिन सक्दिनँ। मैले बलियो हुनुपर्छ। खुट्टा टेक्नैपर्छ।

तिमीलाई जहिले पनि म बिरामी हुँदा बढी दुख्थ्यो तर बिरामी तिमी बढी हुन्थ्यौ। तिमीलाई सधैँ म खुसी र सफल भएको हेर्ने मन थियो। श्रीमतीको खुसीमा तिमी मभन्दा धेरै खुसी हुन्थ्यौ । एउटा असल पति हौ तिमी। जीवनसाथीका रूपमा तिमी जतिको असल मान्छे मैले अरू कल्पना गर्न सक्दिनँ।

जी ! तिमी असल पति मात्रै होइन, कुशल बाबु हौ । शुक्रबारको दिन तिम्रो अफिस बिदा हुने भएकाले छोरी आउने बाटोमा कुरेर बस्थ्यौ। उनलाई मनपर्ने खाना खुवाएर घुमाएर ल्याउँथ्यौ। बाबुछोरी खुब गफिन्थ्यौ । आमाले भनेको मान्नु, राम्रो पढ, असल मान्छे हुनुपर्छ आदि..भन्थ्यौ। तिमी हरेक क्षेत्रमा असाधारण व्यक्तित्वका धनी थियौ। तिम्रो सम्मान र सम्झनामा म सधैँ रोएर तिम्रो मप्रतिको भरोसालाई निराश बनाउन सक्दिनँ । मप्रतिको तिम्रो विश्वासलाई कमजोर बनाउन सक्दिनँ।

तिमी एउटा निडर र साहसिक पत्रकार हौ। सधैँ पढिरहने, फिल्म हेरेर ठूलो स्वरले हाँस्ने, तिम्रो उपस्थितिले घर उज्यालो हुन्थ्यो। तिमी कहिले पनि नरिसाउने, हाँसिरहने शक्तिशाली सुन्दर व्यक्तित्वका धनी थियौ । तिमीले आफ्नो हरेक जिम्मेवारी कुशलतापूर्वक पूरा गर्यौ। जति बाँच्यौ, साँच्चै ढुक्कले बाँच्यौ । दुःख त मनमा थिए होलान्, तर देखाएनौ । सधैँ हाँसेर खुसी भएर बाँच्यौ। तिमीलाई कहिले पनि हतार नहुने। मलाई हतार हुँदा नि 'पछि गरौँला नि, काम बस न एकछिन' भन्थ्यौ। तर खै ! तिमीले प्रकृतिको केही बिगार गरेका त थिएनौ, तैपनि तिमीलाई लैजान धेरै हतार गर्यो।

तिम्रो अत्यन्तै कोमल हृदय। परिवारलाई अत्यन्तै माया गर्ने स्वभाव, जीवनसाथीभन्दा पनि रमाइला साथी थियौ । भरपर्दो र विश्वासिलो, आमाको काखजस्तो, बाबुको काँधजस्तो कुशल अभिभावक थियौ । तिमीसँग बिताएका मेरा प्रत्येक पलहरू कति सुन्दर थिए । ती सबै म अहिले शब्दमा वर्णन गर्न सक्दिनँ। रिस र झगडा भनेको कहिले पनि तिमीमा देखिएन । मायाको अर्को नाम हौ तिमी।

म अब तिम्रो अनुपस्थितिमा कसरी अघि बढ्छु थाहा छैन। तिमी छैनौ भन्ने विश्वास मेरो हृदयले अहिले पनि स्वीकार गरेको छैन। मेरो आँखाले तिमीलाई राम्रो, सकुशल वरिपरि देखिरहेको छ। सबैले छैनौ भनेपछि मैले बाध्यताले त्यसलाई स्वीकार गरेकी मात्रै हुँ। घरमा प्रत्येक पुस्तक तिम्रो प्रतीक्षामा छन् । तिमी बसेर पढ्ने कुर्सीले कुरिरहेको छ। तिमीले हाँसेको र बोलेको घरभरि गुञ्जिरहेको छ। तिमी छैनौ भन्ने आधार यहाँ केही पनि छैन...।

तिमी आउने बाटो हेरेको यतिका दिन बित्यो । तिमी यतिसम्म निर्दयी त पक्कै होइनौ। तिम्रो त्यो सरलपन कहिलेकाहीँ निर्दयी हुन सक्दैन तर समय नै निर्दयी भयो । तिमीलाई प्रकृतिको क्रूरताले आफ्नो अवस्थाबारे जानकारी दिने समय पनि दिएन किनकि प्रकृति तिम्रो बसमा थिएन। सायद, पूरै जिन्दगी सङ्घर्ष गरेर भर्खरै खुसीका पालुवा पलाएको प्रकृतिले देख्न सकेन । खुसीले सास फेरेको हेर्न सकेन।

मेरो प्रिय जी ! तिमी जहाँ छौ खुसी रहनु । तिमीप्रतिको माया, प्रेम र भरोसा सदा उत्तिकै रहन्छ । तिमीले दिएको सत्कर्मको मार्गदर्शन र तिमीले मप्रति गरेको विश्वासमा म कहिल्यै आँच आउन दिने छैन।

तिमी सम्पर्कविहीन भएपछिका मेरा असह्य पीडाका दिनहरूमा म कार्यरत अफिस रासस 'परिवार' भएर उभियो । परिवारको प्रत्येक सदस्यको मुहारमा कान्ति छैन। तिमी कार्यरत नयाँ पत्रिका मेरो अर्को 'परिवार' भएर उभियो। तिम्रा सहकर्मीहरू र पूर्वसहकर्मीहरू देशविदेशमा भएका सबै भावविह्वल हुनुभयो। तिम्रा 'सिनियर' र साथीहरू निःशब्द हुनुहुन्छ । सिङ्गो नेपाली पत्रकारिता स्तब्ध भयो । तिमी बेपत्ता भन्ने सुनेदेखि नेपाल थामी समाज पानीबिनाको माछाजस्तै मर्माहत भयो । सबै तिम्रो खोजी गर्नेदेखि मलाई आत्मबल दिने हरेक काममा साथ छन्। मेरा साथीहरू तिमी बेखबर भएदेखि मेरो वरिपरि खम्बा भएर उभिएका छन्।

सबैले तिमी हराएपछि एउटा निडर र असल पत्रकारको कमी महसुस गरेका छन्। जी ! तिमी सबैको प्रिय पात्र हौ। महान पत्रकार हौ। आफ्नो सत्कर्मका कारण सबैका माझ तिमी अमर रहनेछौ । खुसी हुनु ! तिमीले देखेनौ जी ! तिमीलाई माया गर्ने हजारौँ मानिसहरू तिम्रो सम्मानमा उभिनुभएको छ । नेपाल पत्रकार महासङ्घले तिम्रो कर्मको स्मरण गर्दै कुशको शरीरमा महासङ्घको झण्डा ओडाएर सम्मान गरेको छ। महासङ्घ आफैँ पनि स्तब्ध छ।

असह्य पीडाका दिनहरूमा हजारौँ मानिसहरू मेरो साथमा उभिनुभयो। सबै हुनुहुन्छ तर जी ! तिमी छैनौ। तिम्रो अनुपस्थितिमा हामी अपुरा, अपुरा भएका छौँ।

तिमी मेरो हृदयको गहिराइमा बसेको पात्र हौ। म तिमीलाई कहिल्यै पनि 'बिदाइ' गर्न सक्दिनँ । हामी एकअर्कामा कहिले पनि टाढा हुँदैनौँ । हामीले बाँचेका हरेक पल ताजै छन्। तिमी मेरो जीवनको एउटा हिस्सा हौ । जुन प्रकृतिले पनि कहिले पनि खोस्न सक्दैन । मलाई तिम्रो पत्नी हुनुमा गर्व छ । सदा रहनेछ । तिमीप्रतिको मेरो सम्मान जीवनपर्यन्त रहनेछ।

तिम्रो पृथ्वीमा रहँदाको सत्कर्मलाई इतिहासले सम्झनेछ । पुस्तौँपुस्ताले सम्झनेछन् । सबैलाई राम्रो देख्ने तिम्रा ती आँखा । सबैलाई माया र सम्मान गर्ने तिम्रो बानी । तिमीमा एक अद्भुत मानवता थियो । कसैले पनि तिम्रो अहिलेको अवस्थाबारे आँखाले देखेका छैनन् । तिमी कहीँकतै छौ भन्ने पनि अवश्य आउनेछौ। त्यो आउने दिनसम्म बाटो हेरिरहने उही तिम्रो प्रिय पत्नी। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# भोटेकोशी बाढीमा बेपत्ता सैनिकको कुशको शव बनाएर अन्तिम संस्कार




**मधेशदृष्टि**
**जनकपुरधाम।**
भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी डेढ महिनाभन्दा बढी समयदेखि बेपत्ता रहेका रौतहटका नेपाली सेनाका जवान अभिषेक गुप्ताको हिन्दु धार्मिक परम्पराअनुसार कुशको शव बनाएर अन्तिम संस्कार गरिएको छ।

मौलापुर नगरपालिका–७ सगैयाका बैधनाथ साह कानुका २२ वर्षीय छोरा गुप्ता नेपाली सेनाको श्री शेरगण कार्यालय, रसुवामा जवान पदमा कार्यरत थिए। गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीपछि उनी बेपत्ता भएका थिए।

बाढीपछि परिवारजनले उनको खोजी तथा सकुशल फर्किने आशामा लामो समयसम्म प्रतीक्षा गरेका थिए। तर, डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि उनको अवस्था पत्ता लाग्न नसकेपछि परिवारले धार्मिक विधिअनुसार कुशबाट शवको आकृति बनाई अन्तिम संस्कार गर्ने निर्णय गरेको हो।

अभिषेकको वास्तविक शव भने हालसम्म फेला परेको छैन। लामो समयसम्म खोजी गर्दा समेत कुनै जानकारी प्राप्त नभएपछि परिवारले हिन्दु धार्मिक तथा सामाजिक परम्पराअनुसार उनको अन्तिम बिदाइ गरेको जनाएको छ।

अन्तिम संस्कारका क्रममा नेपाली सेनाको नारायण दल गण, गौर पुरेनवाबाट प्रमुख सेनानी कर्णेल विश्वास विष्टको नेतृत्वमा पुगेको टोलीले सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो। बाढीमा बेपत्ता भएको लामो समयसम्म पनि अवस्थाबारे कुनै जानकारी नआएपछि परिवारले अन्ततः कुशको शवमार्फत धार्मिक विधि पूरा गर्दै अभिषेकको अन्तिम संस्कार गरेको हो।

## सिरहाबाट भारततर्फ लैजाँदै गरेको
# ११० किलो गाँजासहित तीन जना पक्राउ



**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको औरही गाउँपालिका–१ दैयाबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा ११० किलो ७६० ग्राम गाँजासहित तीन जना पक्राउ परेका छन् । सशस्त्र प्रहरीले औरही गाउँपालिका–२ का ४३ वर्षीय मिश्रीलाल सदाय, ३१ वर्षीय मनिकलाल सदाय र धनगढीमाई नगरपालिका–५ का ३३ वर्षीय श्यामसुन्दर यादवलाई पक्राउ गरेको हो।

सशस्त्र प्रहरीका अनुसार उनीहरूले टाउकोमा बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा ६ वटा बोरामा राखिएको गाँजा बरामद गरिएको हो । उनीहरूको साथबाट तीन थान मोबाइलसमेत बरामद भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

प्रहरीका अनुसार पक्राउ परेकाहरूले उदयपुर, सिन्धुलीलगायत जिल्लाका विभिन्न स्थानबाट गाँजा ल्याएर सिरहाका नदी तथा सीमावर्ती क्षेत्र हुँदै भारततर्फ लैजाने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। बलान, कमला, गागन र घुर्मीलगायत नदी क्षेत्रलाई तस्करीका लागि प्रयोग गर्ने गरेको प्रहरीको भनाइ छ । यसअघि पनि सशस्त्र प्रहरीले सुखीपुर नगरपालिका–१० स्थित विश्वकर्मा चोकको गागन खोलाको पुलबाट गाँजा बोकेको बोलेरो र मोटरसाइकल नियन्त्रणमा लिएको थियो। सो क्रममा ठूलो परिमाणमा गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।

पछिल्लो समय सिरहाका नदी तथा सीमावर्ती क्षेत्रबाट भारततर्फ हुने लागूऔषध तस्करी नियन्त्रणका लागि निगरानी बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताए। पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान भइरहेको र बरामद गाँजासहित उनीहरूमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

## फरार दुई प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले ठगी तथा संगठित अपराध मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका दुई प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–१६ का २९ वर्षीय वीर नारायण चौरसिया र सोही स्थानका २४ वर्षीय राज नारायण चौरसिया रहेका छन्।

पर्साका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार दुवै जनालाई वीरगंज–१६ स्थित इनर्वा क्षेत्रबाट पक्राउ गरिएको हो । अदालतले उनीहरू दुवैलाई ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा १९ वर्ष कैद र कुल १ लाख ९० हजार रुपैयाँ जरिवाना तोकेको थियो।

सजाय तोकिएपछि फरार रहेका उनीहरूलाई वडा प्रहरी कार्यालय विर्ताबाट प्रहरी निरीक्षक विक्रम सुवेदीको कमान्डमा खटिएको टोलीले विशेष सूचनाका आधारमा खोजतलास तथा निगरानी गर्दै वितेको विहीवार पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवै जनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पर्सा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## करेन्ट लागेर तीन जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको सदरमुकाम गौरसँग सीमा जोडिएको भारतको बिहारस्थित सीतामढी जिल्लामा धान खेतमा बिछ्याइएको खुला विद्युतीय तारमा करेन्ट लागेर तीन जनाको मृत्यु भएको छ । बैरगनिया प्रखण्डअन्तर्गत अख्ता पश्चिमी चकवा पञ्चायत–५ को तकिया टोलमा शनिबार बिहान भएको घटनामा तीन स्थानीयवासीको घटनास्थलमै मृत्यु भएको हो । घटनामा अन्य तीन जना गम्भीर घाइते भएका छन् । उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। घटनास्थलमा दुई वटा जंगली बँदेलसमेत मृत अवस्थामा भेटिएका भारतीय प्रहरीले जनाएको छ । प्रारम्भिक विवरणअनुसार किसानले धानबालीलाई जंगली जनावरबाट जोगाउन खेतमा खुला विद्युतीय तार बिछ्याइएको र भैंसी खोज्न खेततर्फ पुगेका स्थानीयवासीलाई विद्युतीय तारबारे जानकारी नभएका कारण उनीहरू करेन्टको चपेटामा परेको हुन सक्ने प्रहरीको अनुमान छ।

## धान खेतमा पुरुष मृत अवस्थामा फेला

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गढीमाई नगरपालिका–३ लक्ष्मिपुरस्थित धान खेतमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । आज दिउँसो सवा ३ बजेतिर स्थानीय ५५ वर्षीय सफि आलम धान खेतमा मृत अवस्थामा फेला परेका हुन्। प्रहरीले आलमको शव घटनास्थलबाट नियन्त्रणमा लिई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सडक जीर्ण बनेपछि स्थानीयहरुको विरोध

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ड्राइपोर्टदेखि बहुअरी चोक हुँदै परवानीपुर–मिलनचोकतर्फ जाने सडक जीर्ण बनेपछि स्थानीयले विरोध जनाएका छन् । सडक मर्मतमा सम्बन्धित निकायले बेवास्ता गरेको भन्दै स्थानीयले शनिबार करिब ३० मिनेट सडक जाम गरेर ध्यानाकर्षण गराएका हुन्।

वीरगंज महानगरपालिका–२४ स्थित बहुअरी मठ अगाडिको सडकमा पिच उप्किएर ठूला खाल्डाखुल्डी बनेपछि सवारी चालक तथा यात्रु जोखिममा परेको स्थानीयको गुनासो छ । सडक निर्माण भएको केही वर्षमै पिच उप्किएर जीर्ण बने पनि समयमै मर्मत तथा अनुगमन नभएको स्थानीयको गुनासो छ।

## जन्मदिनको अवसरमा निःशुल्क भोजन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज निवासी मुन्ना सर्राफको परिवारजनले छोरी वामिका सराफको पहिलो जन्मदिनको अवसरमा नारायणी अस्पताल परिसरमा निःशुल्क भोजन गराएको छ। वीरगंज समाज सेवाले नारायणी अस्पताल परिसरमा सञ्चालन गर्दै आएको निःशुल्क भोजन कार्यक्रमको आजको सम्पूर्ण खर्च सर्राफ परिवारले व्यहोर्नुका साथै भोजन कार्यक्रममा आफुहरू सहभागि भइ सहजीकरण गरेका थिए। कार्यक्रममा ४५० जना भन्दा बढिलाई निःशुल्क भोजन गराइएको वीरगंज समाज सेवाका अध्यक्ष अशोक गुप्ताले जानकारी दिएका छन्।

## म्याद गुज्रेको खाद्यान्न सामाग्री बेच्ने दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
चाडपर्वको मौका छोपेर म्याद गुज्रिएका तथा गुणस्तरहीन खाद्य सामग्रीमा नक्कली स्टिकर टाँसेर बिक्री गरेको आरोपमा पर्सा र बाराका दुई व्यापारी काठमाडौंमा पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्साको विन्दवासिनी गाउँपालिका–२ का अखिलेशप्रसाद गुप्ता र बाराको प्रसौनी गाउँपालिका–१ का विजेन्द्र साह रहेका छन्।

काठमाडौंको चन्द्रागिरि–१५, तीनथानास्थित सिद्धिविनायक खाद्य स्टोरमा प्रहरी र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त अनुगमनका क्रममा उनीहरू पक्राउ परेका हुन् । अनुगमनका क्रममा म्याद गुज्रिएका काजु, पिस्ता, बदाम, मकै, केराउलगायत खाद्य सामग्रीसँगै मिति परिवर्तन गर्ने मेसिन, ल्यापटप, प्रिन्टर र नक्कली स्टिकर बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी परिसर काठमाडौंमा राखेर थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक दानबहादुर थापाले बताए।

## कांग्रेस धनुषा–३ को क्षेत्रीय सभापतिमा विनयकुमार यादव निर्वाचित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर–३ को क्षेत्रीय सभापतिमा विनयकुमार यादव निर्वाचित भएका छन्।



नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत संस्थापन पक्षले आयोजना गरेको क्षेत्रीय अधिवेशनबाट यादव सभापतिमा निर्वाचित भएका हुन् । यसै अधिवेशनबाट धनुषा–३ मा संस्थापन पक्षतर्फका १० जना खुला महाधिवेशन प्रतिनिधिसमेत निर्वाचित भएका छन् । खुलातर्फ जीवनाथ चौधरीले सर्वाधिक ६७७ मत प्राप्त गर्दै निर्वाचित भएका छन्। निर्वाचित अन्य प्रतिनिधिमध्ये गणेश झाले ६५०, रामसरोज यादवले ६४७, प्रफुल्ल घिमिरेले ६४५, हरिशंकर शाहले ५९१, रामबाबु यादवले ५८१ र मनोजकुमार साहले ५७९ मत प्राप्त गरेका छन्। त्यस्तै, पप्पु ठाकुर ५४८, सुनिलकुमार झा ५१३ तथा राजकुमार साह ५११ मत प्राप्त गर्दै खुला महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका छन्। क्षेत्रीय सभापति र महाधिवेशन प्रतिनिधिको निर्वाचन सम्पन्न भएसँगै धनुषा–३ बाट कांग्रेसको १५औँ महाधिवेशनका लागि संस्थापन पक्षको क्षेत्रीय प्रतिनिधित्वसमेत टुंगिएको छ।

## छुट्टाछुट्टै दुई स्थानमा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा शनिवार आयोजित दुई छुट्टाछुट्टै रक्तदान कार्यक्रममा ६ महिलासहित कुल १ सय ५८ जनाले रक्तदान गरेका छन् । वीरगंज–१० रानीघाटस्थित शिवम सहकारी संस्थाको वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा २ महिलासहित १ सय ६ जनाले रक्तदान गरेका छन्।

यस्तै, वीरगंज–९ रानीघाटस्थित ब्लड डोनेशन चौकमा दुर्गा पूजा सेवा समितिको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी रानीघाट उपशाखाको सहयोगमा भएको २७औँ खुला रक्तदान कार्यक्रममा ४ महिलासहित ५२ जनाले रक्तदान गरेका छन्। दुवै कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी तथा रक्तसञ्चार केन्द्र वीरगंजको प्राविधिक सहयोग रहेको थियो।

## 'पान' को तेश्रो मधेश सम्मेलन सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (पान) को तेस्रो मधेश सम्मेलन शनिबारदेखि वीरगंजमा सुरु भएको छ। सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा आयोजित सम्मेलनको मधेश प्रदेशका सभामुख रामअशिष यादवले उद्घाटन गरेका हुन् । सम्मेलनमा मधेश प्रदेशका आठै जिल्लाबाट करिब २ सय २५ जना सहभागी रहेको आयोजकले जनाएको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकको क्षमता अभिवृद्धि तथा शैक्षिक गुणस्तर सुधारलाई सम्मेलनको मुख्य उद्देश्य बताइएको छ। उद्घाटन कार्यक्रममा सभामुख यादवले सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि प्रधानाध्यापक, शिक्षक, अभिभावक, स्थानीय तह तथा अन्य सरोकारवालाबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताए।

# आजदेखि कांग्रेसको १५औँ...

जानकारी ह्वाट्सएप, एआई नम्बर र एसएमएसबाट प्राप्त गर्ने व्यवस्था मिलाइएको आवास व्यवस्थापन समितिले जनाएको छ।

आइतबारको उद्घाटन कार्यक्रमपछि असोज १९ र २० गते बन्दसत्र सञ्चालन हुनेछ । बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री, र कोषाध्यक्षले अलगअलग प्रतिवेदन पेस गर्ने तालिका छ।

प्रतिवेदनमाथि भूगोलका आधारमा समूह बनाई तीन फरक हलमा छलफल हुनेछ । हरेक हलमा रहेका डिजिटल बोर्डबाट सहभागीले प्रस्तुत प्रतिवेदन सुन्न र हेर्न पाउनु हुने प्रवक्ता चालिसे बताए।

निर्वाचन समितिले असोज १९ गते अपराह्न २ बजेदेखि ६ बजेसम्म उम्मेदवारी मनोनयनको समय निर्धारण गरेको जनाएको छ।

मनोनयन राष्ट्रिय सभागृहमा गरिनेछ । निर्वाचनको कार्यक्रम आवश्यकताअनुसार परिमार्जन हुनसक्ने निर्वाचन समितिले जनाएको छ । सहभागीहरूले प्रयोग गर्ने निजी कार तथा मोटरसाइकल पार्किङ गर्न भृकुटीमण्डप, राष्ट्रियसभागृह र पुरानो बसपार्क क्षेत्र निर्धारण गरिएको छ। ठूला बसका हकमा भने माइतीघरदेखि भद्रकाली खण्डको एक लेनमा पार्किङ व्यवस्था मिलाइएको छ । कांग्रेसको १५औँ महाधिवेशनका सूचना अद्यावधिक गर्न महाधिवेशन स्थल खुलामञ्चमा मिडिया सेन्टर स्थापना गरी मिडिया ब्रिफिङ हुने उनले जानकारी दिए।

# पाँच वर्षमा पनि अलपत्र प्रदेश जनलोकपाल...

प्रशासनिक संरचना तयार नहुँदा उनीहरू लामो समय कामविहीनजस्तै बन्न पुगे।

अन्ततः काम गर्ने वातावरण नबनेको भन्दै साह र महतोले २०८१ पुसमा पदबाट राजीनामा दिए।

त्यसपछि केही समय आयोग पदाधिकारीविहीन अवस्थामा रह्यो।

पूर्वसदस्य शोभा महतो आयोगको सुरुवाती अवधिको अनुभव सुनाउँदै आफूले अपेक्षा गरेको संस्था र व्यवहारमा देखिएको अवस्थाबीच ठूलो अन्तर रहेको बताउँछिन्।

'सुरुमा आयोगको उद्देश्य निकै राम्रो लागेको थियो। तर, पछि न आवश्यक कानुन बन्यो, न सरकारले जनशक्ति व्यवस्थापन ग¥यो । कारबाही गर्ने अधिकार पनि थिएन। काम नै गर्न नसक्ने ठाउँमा बसिरहनुको अर्थ देखिनँ, त्यसैले नैतिकताका आधारमा राजीनामा दिएँ,' उनले भनिन्।

आयोगको पत्राचारलाई समेत कतिपय स्थानीय तहले गम्भीर रूपमा नलिने गरेको उनको अनुभव छ। उनका अनुसार वडा तहसम्मै आयोगको अधिकार र भूमिकाबारे प्रश्न उठ्ने अवस्था थियो।

### ३३ दरबन्दी, १३ कर्मचारी

आयोगको काम प्रभावकारी बनाउन ३३ कर्मचारीको दरबन्दी कायम गरिएको छ। तर, अहिले कायममुकायमसहित १३ जना मात्रै कार्यरत छन्। आयोगमा दुई उपसचिव, तीन शाखा अधिकृत, एक कानुन अधिकृत, एक सहलेखापाल, एक प्रशासनतर्फ पाँचौँ तहका कर्मचारी, पाँच कार्यालय सहयोगी र एक सवारीचालक कार्यरत रहेको जनाइएको छ।

पदाधिकारी र कर्मचारी नियमित कार्यालयमा उपस्थित भए पनि कामको दायरा सीमित हुँदा अधिकांश समय प्रशासनिक गतिविधिमै बित्ने गरेको स्रोतको भनाइ छ। आयोगमा उजुरी भने आउने क्रम रोकिएको छैन।

आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार स्थापनादेखि चार वर्षको अवधिमा भ्रष्टाचार तथा आर्थिक अनियमिततासम्बन्धी ५६ वटा उजुरी दर्ता भएका छन् । गत आर्थिक वर्षमा मात्रै ११ वटा उजुरी परेको प्रतिवेदनमा उल्लेख छ।

आयोगका सूचना अधिकारी प्रशन्नराज कर्णका अनुसार उजुरी परेपछि सम्बन्धित निकायबाट कागजात झिकाउने, सम्बन्धित व्यक्तिको बयान लिने, स्थलगत निरीक्षण गर्ने र आवश्यक अनुसन्धान गर्ने काम हुँदै आएको छ। उनका अनुसार हालसम्म १५ वटा उजुरीमाथिको अनुसन्धान पूरा गरेर कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ। 'उजुरी अहिले पनि आइरहेका छन् । अनुसन्धान हुन्छ, बयान लिइन्छ, फिल्डमा पुगेर निरीक्षण पनि गरिन्छ । आयोगको अधिकारभित्र रहेर १५ वटा अनुसन्धान पूरा गरेर अख्तियार पठाएका छौँ,' कर्णले भने।

### अनुसन्धानपछि फाइल कहाँ पुग्छ?

प्रदेश जनलोकपाल आयोगको सबैभन्दा ठूलो समस्या अनुसन्धानपछि देखिन्छ । आयोगसँग आफैँ कारबाही गर्ने अधिकार छैन। अनुसन्धानपछि फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने कानुनी व्यवस्था छ।

त्यसपछि ती फाइलमा के भयो भन्नेबारे आयोगसँग नियमित जानकारी रहने व्यवस्था छैन।

अख्तियारका अधिकारीहरूका अनुसार जनलोकपालबाट आएको फाइललाई आधार बनाएर सोझै मुद्दा अघि बढ्ने व्यवस्था छैन। अख्तियारले प्राप्त उजुरीमा आफ्नै प्रक्रियाअनुसार पुनः अनुसन्धान गर्ने गरेको छ।

प्रमाण संकलन, बयान, स्थलगत निरीक्षणलगायत प्रक्रिया पूरा गरेपछि मात्रै मुद्दा चलाउने वा नचलाउने निर्णय हुने उनीहरूको भनाइ छ । अख्तियारका एक अधिकारीका अनुसार जनलोकपालबाट केही उजुरी आए पनि त्यसको अनुसन्धानलाई अख्तियारले स्वतः अन्तिम आधार मान्ने अवस्था छैन। अर्का अधिकारीले भने प्रदेश जनलोकपाल आयोगको कानुनी भूमिकामाथि नै प्रश्न उठाएका छन् । भ्रष्टाचार अनुसन्धान गर्ने संवैधानिक अधिकार अख्तियारसँग रहेको अवस्थामा प्रदेश सरकारले छुट्टै संरचना किन बनायो भन्ने प्रश्न उनीहरूले उठाएका छन्।

- **आयोगकै निर्देशन कार्यान्वयन भएन**

आयोगको अधिकार सीमित हुनुको प्रभाव प्रदेश सरकारकै निकायसँगको व्यवहारमा समेत देखिएको छ।

- **करोडौँ खर्च, उपलब्धि खोज्नुपर्ने अवस्था**

काम र अधिकारको विषयमा प्रश्न उठिरहँदा आयोगको प्रशासनिक खर्च भने निरन्तर भइरहेको छ।

आयोगको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८/७९ मा २ करोड २० लाख ४६ हजार रुपैयाँ खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० मा पनि २ करोड २० लाख ४६ हजार रुपैयाँ खर्च भएको उल्लेख छ। त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा तलब, भत्ता, प्रशासनिक तथा अन्य शीर्षकमा १ करोड ३५ लाख ३३ हजार ६३४ रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ। आयोग गठन भएदेखि विभिन्न शीर्षकमा करोडौँ रुपैयाँ खर्च भइसके पनि त्यसअनुसारको संस्थागत उपलब्धि देखाउन नसकेको प्रश्न अहिले आयोगसामु छ।

## वीरगंजमा पहिलोपटक 'प्याब्सन राइम्स फेस्ट' हुँदै,
# २० विद्यालयका बालबालिका सहभागी

**मधेशदृष्टि**
**वीरगंज।**
प्री–प्राइमरी तहका बालबालिकाको प्रतिभा, सिर्जनशीलता र आत्मविश्वासलाई मञ्च प्रदान गर्ने उद्देश्यले वीरगंजमा पहिलोपटक अन्तरविद्यालयस्तरीय 'प्याब्सन राइम्स फेस्ट २०८३' आयोजना हुने भएको छ। प्याब्सन पर्सा र प्याब्सन वीरगन्जको संयुक्त आयोजनामा हुने प्रतियोगिता आगामी असोज १८ गते आइतबार बिहान १० बजेदेखि वीरगन्जस्थित आर्मी ब्यारेकको उत्तरपट्टि रहेको क्लासिक ब्याङ्क्वेटमा सञ्चालन हुनेछ।




प्रतियोगितामा प्याब्सन पर्सामा आबद्ध २० वटा विद्यालयका प्री–प्राइमरी तहका विद्यार्थी सहभागी हुने आयोजकले जनाएको छ । प्रत्येक विद्यालयबाट न्यूनतम ८ देखि अधिकतम १२ जना विद्यार्थीले विभिन्न राइम्स प्रस्तुत गर्नेछन् । आयोजकका अनुसार प्रत्येक विद्यालयलाई आफ्नो प्रस्तुति प्रस्तुत गर्न बढीमा चार मिनेटको समय उपलब्ध गराइनेछ । सबै विद्यालयको प्रस्तुति सकिएपछि निर्णायकहरूको मूल्यांकनका आधारमा उत्कृष्ट पाँच विद्यालय छनोट गरिनेछ।

छनोट भएका विद्यालयमध्ये प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यालय तथा विद्यार्थीलाई ट्रफी, प्रमाणपत्र र मेडल प्रदान गरिनेछ। चौथो र पाँचौँ स्थानमा रहने विद्यालयका विद्यार्थीलाई सान्त्वना पुरस्कारस्वरूप प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागी हुने सबै बालबालिकालाई सहभागिताको प्रमाणपत्रसमेत प्रदान गरिनेछ।

सानै उमेरमा बालबालिकाभित्र रहेको प्रतिभा पहिचान गरी त्यसलाई सार्वजनिक प्रस्तुतिको अवसर दिने तथा उनीहरूको आत्मविश्वास र सिर्जनात्मक क्षमता बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको प्याब्सन पर्साले जनाएको छ। प्रतियोगिताको आवश्यक तयारीसमेत पूरा भइसकेको आयोजकको भनाइ छ।

प्रतियोगिताको संयोजन प्याब्सन नगर कार्यसमिति सदस्य विजय कुमार बलले गरिरहेका छन् । प्याब्सन पर्साका जिल्ला सचिव अशोक संग्रौलाले यस्ता कार्यक्रमले बालबालिकाको प्रतिभा पहिचानसँगै उनीहरूको प्रस्तुति क्षमता र आत्मविश्वास विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए। उनका अनुसार प्रारम्भिक तहको सिकाइलाई मनोरञ्जन र सिर्जनात्मक गतिविधिसँग जोड्दा बालबालिकाको सिकाइप्रतिको रुचि बढ्नुका साथै उनीहरूमा सार्वजनिक रूपमा आफ्ना क्षमता प्रस्तुत गर्ने आत्मविश्वाससमेत विकास गर्न सकिन्छ।

विद्यालयबीचको सहकार्यलाई थप मजबुत बनाउँदै बालबालिकाको प्रतिभा विकासका लागि यस्ता गतिविधिलाई निरन्तरता दिने अपेक्षा आयोजकले गरेको छ।

# राजनीतिक संकट समाधान गर्न अन्तरिम संविधान आवश्यकः प्रभु साह




**मधेशदृष्टि**
**काठमाडौँ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मुलुकमा गहिरिँदै गएको राजनीतिक अन्योल अन्त्यका लागि अन्तरिम सरकारसँगै अन्तरिम संविधान आवश्यक रहेको बताएका छन् । काठमाडौँको कोटेश्वरमा शनिबार बसेको आजपा सचिवालय बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै साहले जेनजी आन्दोलनले उठाएका राजनीतिक, सामाजिक र शासन व्यवस्थासँग सम्बन्धित प्रश्नको समाधान पुरानै संवैधानिक संरचनाबाट सम्भव नहुने दाबी गरेका हुन्।

उनका अनुसार जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन भए पनि त्यसअनुकूल नयाँ संवैधानिक व्यवस्था निर्माण हुन नसक्दा मुलुकमा अहिले संवैधानिक तथा राजनीतिक अन्योल उत्पन्न भएको छ। साहले वर्तमान अवस्थालाई संविधान र सरकारबीचको संवैधानिक अन्तरविरोधका रूपमा व्याख्या गरेका छन् । साहले संविधान र वर्तमान सरकार गठनको अवस्थाबीच देखिएको विरोधाभासबारे प्रश्न उठाउँदै भने, 'यदि अहिलेकै संविधान ठीक हो भने सुशीला कार्की नेतृत्वको सरकार गठन गलत भयो, र यदि सुशीला कार्की नेतृत्वको सरकार गठन ठीक हो भने अहिलेको संविधान गलत छ।'

प्रतिनिधिसभाको सदस्य नभएको व्यक्तिलाई प्रधानमन्त्री बनाउने व्यवस्था वर्तमान संविधानमा नरहेको उल्लेख गर्दै साहले सुशीला कार्की नेतृत्वमा सरकार गठन भएको घटनाले संविधानको आवश्यकता र औचित्यमाथि नै गम्भीर प्रश्न खडा गरेको बताए । 'प्रतिनिधिसभाको सदस्य नभएको व्यक्ति प्रधानमन्त्री हुने परिकल्पना यो संविधानमा छैन । त्यसैले अहिलेको संविधानको आवश्यकता र औचित्यमाथि गम्भीर प्रश्न उठेको छ,' उनले भने। पुरानै संवैधानिक व्यवस्थाभित्र रहेर अहिलेको राजनीतिक संकटको समाधान खोज्ने प्रयासले समस्या झनै जटिल बनाउन सक्ने साहको दाबी छ । उनका अनुसार मुलुकलाई निकास दिन तत्काल अन्तरिम सरकार गठन गरी अन्तरिम संवैधानिक व्यवस्थामार्फत राजनीतिक प्रक्रिया अघि बढाउन आवश्यक छ । साहले जेनजी आन्दोलनलाई केवल सरकार परिवर्तनको विषयमा सीमित गर्न नहुने बताएका छन्। आन्दोलनले उठाएका राजनीतिक तथा सामाजिक मुद्दाका साथै राज्य सञ्चालनको संरचना र संवैधानिक व्यवस्थामाथि समेत पुनर्विचार गर्नुपर्ने उनको भनाइ छ।

आफ्नो राजनीतिक प्रतिवेदनमा साहले अन्तरिम सरकार र अन्तरिम संविधान निर्माणमार्फत मात्रै वर्तमान राजनीतिक संकटको निकास खोज्न सकिने उल्लेख गरेका छन् । यसैबीच, आजपाले आइतबार काठमाडौँको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा केन्द्रीय कमिटीको बैठक बोलाएको छ । बैठकमा जेनजी आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, पछिल्लो राजनीतिक संकट तथा पार्टीको आगामी रणनीतिबारे छलफल हुने आजपा सचिवालय सदस्य बालकृष्ण सापकोटाले जानकारी दिएका छन्।

# सन्तानको दीर्घायुको कामना गर्दै मनाइने जितिया पर्व



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाञ्चल र थारू समुदायमा विशेष धार्मिक तथा सांस्कृतिक महत्व बोकेको जितिया पर्व उपवाससहित मनाइएको छ। सन्तानको दीर्घायु, सुख–समृद्धि र कल्याणको कामना गर्दै महिलाहरूले निराहार व्रत बस्ने भएकाले जितियालाई कठिन पर्वका रूपमा लिइन्छ । असोज कृष्ण सप्तमीदेखि तीन दिनसम्म मनाइने जितियाको पहिलो दिन 'नहाय–खाय' विधि गरिन्छ। यस दिन व्रतालु महिलाहरू स्नान गरी शुद्ध भएर चोखो भोजन गर्ने गर्छन्। त्यसपछि अष्टमीका दिन मुख्य व्रत बसिन्छ भने नवमीका दिन विधिपूर्वक पारण गर्ने परम्परा छ।

संस्कृतिविद् तथा मैथिलीका वरिष्ठ साहित्यकार डा. रेवतीरमण लालका अनुसार जितियामा खानपानदेखि उपवाससम्मका आफ्नै विशिष्ट परम्परा छन्। चुरा, दही, माछा, मरुवा (कोदो) लगायतका परिकार खाने चलन रहेको बताउँदै उहाँले अष्टमीको व्रतलाई पर्वको मुख्य पक्षका रूपमा व्याख्या गरे । जितियामा अष्टमी तिथिभर कठोर उपवास गर्ने धार्मिक मान्यता छ। व्रतका क्रममा थुकसमेत निल्न नहुने र त्यसो भए व्रत भंग भएको मानिने विश्वास छ। अष्टमी तिथि कुन समयमा पर्छ भन्ने आधारमा व्रतको दिन निर्धारण गर्ने परम्परा पनि रहेको छ।

धार्मिक मान्यताअनुसार असोज कृष्ण अष्टमीमा गरिने यो व्रतको उल्लेख भविष्य पुराणमा समेत पाइन्छ । अष्टमी तिथि प्रदोषकालमा पर्ने दिनलाई आधार मानेर व्रत बस्ने तथा नवमीका दिन पारण गर्ने चलन रहेको बताइन्छ।

**जिमुतवाहनसँग जोडिएको धार्मिक कथा**

जितिया पर्वसँग जिमुतवाहनको कथा जोडिएको छ। धार्मिक कथाअनुसार एकपटक माता पार्वतीले भगवान् शिवसँग सन्तानको दीर्घायुका लागि गरिने व्रतबारे जिज्ञासा राखेकी थिइन् । त्यस क्रममा भगवान् शिवले जिमुतवाहनको पूजा र व्रतको महिमा सुनाएको तथा माता पार्वतीले समेत यो व्रत गरेको विश्वास गरिन्छ।

कथाअनुसार नर्मदा नदीको किनारमा रहेको कनकावती नगरमा मलयकेतु नामका राजा थिए। नदीको किनारमा रहेको एउटा विशाल पाकैरको रूखमा चिल र त्यसको फेदमा स्याल बस्ने गर्थे । लामो समय सँगै बसेका कारण उनीहरूबीच मित्रता कायम भएको थियो । एकपटक असोज कृष्ण अष्टमीका दिन नदी किनारमा महिलाहरूले जिमुतवाहनको पूजा गरी कथा सुने। चिल र स्यालले पनि उनीहरूसँगै व्रत बसे। त्यही दिन नगरका एक सेठका छोराको मृत्यु भयो र उनको शव नदी किनारमा अन्त्येष्टिका लागि ल्याइयो।

राति बाक्लो अँध्यारो भएपछि दिनभर भोकै बसेको स्याललाई भोक सहन गाह्रो भयो । चिलले व्रत पूरा गर्न आग्रह गरे पनि स्यालले अन्ततः चिताको आगो निभाएर मृतकको मासु खान पुग्यो। चिल भने आफ्नो व्रतमा अडिग रह्यो । भोलिपल्ट बिहान पारणको समय भएपछि दुवैले व्रत समाप्त गरे । समयक्रममा दुवैको मृत्यु भयो र धार्मिक विश्वासअनुसार उनीहरूले पुनर्जन्म लिए। चिल शिलावती र स्याल करपूरावतीका रूपमा जन्मिए।

शिलावतीको विवाह मन्त्रीसँग र करपूरावतीको विवाह राजा कनिकासँग भयो। करपूरावतीका सात छोरा भए पनि सबैको मृत्यु भयो । शिलावतीका भने सातै छोरा जीवित रहे । बहिनीका सन्तान जीवित रहेको देखेर करपूरावतीमा ईर्ष्या उत्पन्न भएको कथामा उल्लेख छ। एकपटक करपूरावतीले आफ्नी बहिनीका सातै छोराको टाउको काटेर ल्याउन राजासँग आग्रह गरिन्। राजाको आदेशमा सातै जनाको टाउको काटेर ल्याइयो र शिलावतीकहाँ पठाइयो। तर त्यसबेला शिलावतीले जितिया व्रतको नियमपूर्वक पालना गरिरहेकी थिइन्। व्रतको प्रभावले ती टाउका फूलमा परिणत भए र सातै जना पुनः जीवित भएर आफ्ना पत्नीसमक्ष पुगेको धार्मिक कथामा वर्णन गरिएको छ।

यस घटनापछि करपूरावतीले आफूले पूर्वजन्ममा व्रतको नियम पालना नगरेका कारण सन्तान गुमाउनुपरेको थाहा पाइन् । त्यसपछि उनले शिलावतीसँगै जितिया व्रत गर्ने प्रण गरेको कथामा उल्लेख छ । यसरी जिमुतवाहन र शिलावती–करपूरावतीको कथालाई जितिया व्रतको धार्मिक आधारका रूपमा लिइन्छ। सन्तानको दीर्घायुका लागि आमाले गर्ने कठोर व्रत र त्यसको धार्मिक विश्वास यही कथासँग जोडिएको पाइन्छ।

**'औँठन'देखि पारणसम्मको परम्परा**

जितिया पर्वमा 'औँठन'को पनि विशेष महत्व छ । मिथिलाञ्चलका घरघरमा काग उड्नुअघि औँठन गर्ने चलन छ। औँठनलाई व्रत सुरु गर्नुअघि गरिने विशेष खानपानको विधिका रूपमा लिइन्छ । यस क्रममा परिवारका सदस्यहरू एकै ठाउँमा बसेर चुरा, दही, अमोट, चिनी, केरा लगायतका परिकार खाने गर्छन् । त्यसपछि व्रतालु महिलाहरू कठोर उपवासमा बस्ने परम्परा छ । मिथिलाञ्चलमा जितियाको यही परम्परालाई लिएर एउटा प्रचलित भनाइ पनि छ– 'जितिया पावनि बड भारी, धियापुताके ठोकि सुतेलहुँ, अपने खएलहुँ भरि थारी ।' यो भनाइको उत्पत्तिबारे भने स्पष्ट ऐतिहासिक आधार भेटिँदैन। धार्मिक आस्था, पारिवारिक सम्बन्ध र मिथिलाको मौलिक खानपान तथा संस्कृतिसँग जोडिएको जितिया पर्व पुस्तौँदेखि निरन्तर चल्दै आएको छ । कठोर उपवास, जिमुतवाहनको पूजा, धार्मिक कथा श्रवण र पारणका विभिन्न विधिमार्फत मिथिलाका महिलाहरूले आज पनि यस पर्वलाई निरन्तरता दिइरहेका छन्।

# चाडपर्वको मुखमा बाराको सीमामा तस्करी: प्रहरी 'सेटिङ'माथि गम्भीर प्रश्न !



**मधेशदृष्टि**
**कलैया।**
हिन्दु धर्मावलम्बीहरूको प्रमुख पर्व वडा दशैं, दीपावली तथा छठ नजिकिँदै जाँदा बारा जिल्लाका सीमावर्ती क्षेत्रमा भारतबाट भन्सार छलीका सामान नेपाल भित्र्याउने गतिविधि बढेको छ। नेपाल–भारत सीमासँग जोडिएका विभिन्न नाकाबाट खुला रूपमा सामान ओसारपसार भइरहेको स्थानीय तथा तस्करी गतिविधिबारे जानकार स्रोतहरूको दाबी छ । विशेषगरी मटिअर्वा नाकासहित सीमावर्ती क्षेत्रका विभिन्न अनौपचारिक बाटो प्रयोग गरी भारतीय बजारबाट ल्याइएका सामान नेपाल प्रवेश गराउने क्रम बढेको बताइएको छ। कलैया उपमहानगरपालिका क्षेत्रअन्तर्गत सिसहनिया, मोतिसर, कोइरिया टोला, बैराठपुरलगायतका स्थान हुँदै त्यस्ता सामान जिल्लाका विभिन्न बजारसम्म पु¥याउने गरिएको दाबी गरिएको छ।

सीमाबाट सामान भित्र्याउन भारतीय नम्बर प्लेटका मोटरसाइकल तथा अन्य सवारी साधनको प्रयोग भइरहेको र बिहानदेखि बेलुकासम्म ओसारपसार हुने गरेको स्थानीयको भनाइ छ । चाडपर्वका बेला उपभोग्य वस्तुको माग बढ्ने भएकाले भन्सार छलीमार्फत सामान भित्र्याउने समूह सक्रिय भएको उनीहरूको दाबी छ। तर यससँगै अझ गम्भीर प्रश्न 'सीमा सुरक्षामा खटिएका प्रहरी संयन्त्रको निगरानी र सम्भावित मिलेमतो' माथि उठेको छ । स्रोतहरूले जिल्ला प्रहरी कार्यालय बारामा मुद्दा फाँटमा कार्यरत वरिष्ठ प्रहरी नायब निरीक्षक धर्मेन्द्र ठाकुरको नाम जोड्दै सीमा क्षेत्रमा हुने भनिएको 'सेटिङ'बारे आरोप लगाएका छन्। उनीमार्फत सीमा क्षेत्रका प्रहरी चौकीहरूलाई तस्करीका सामान ओसारपसारमा सहज वातावरण बनाउने गरी 'ग्रिन सिग्नल' दिने गरिएको स्रोतको दाबी छ।

**'लाइन' चलेको हो भने कसको संरक्षणमा ?**

सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण गर्नु नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैको महत्वपूर्ण जिम्मेवारी हो । तर सुरक्षा निकायकै उपस्थितिका बीचबाट नियमित रूपमा ठूलो परिमाणमा सामान ओसारपसार भइरहेको हो भने त्यसले स्थानीय तहमा मात्र होइन, सम्बन्धित सुरक्षा संयन्त्रको कार्यसम्पादनमाथि समेत प्रश्न उठाउँछ। स्थानीयका अनुसार सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीको आँखा अगाडिबाटै भारतीय नम्बर प्लेटका मोटरसाइकलमा सामान ओसारपसार हुने गरेको छ। कतिपय अवस्थामा सामान बोकेका सवारी साधनलाई रोकतोक नगरी गन्तव्यतर्फ जान दिइने गरेको उनीहरूको दाबी छ।

**मुद्दा 'सेटिङ'को आरोप पनि गम्भीर**

ठाकुरको नाम तस्करी नियन्त्रणसँग मात्र नभई जिल्ला प्रहरी कार्यालयमा दर्ता हुने मुद्दासम्बन्धी गतिविधिमा समेत जोडिएको स्रोतहरूको आरोप छ। स्रोतले उनलाई विभिन्न मुद्दामा पक्षहरूबीच 'सेटिङ' गराउने माध्यमका रूपमा प्रयोग हुने गरेको दाबी गरेको छ । चल्नुपर्ने मुद्दा नचलाउने, नचल्नुपर्ने मुद्दा अगाडि बढाउने वा मुद्दाको प्रकृति र प्रक्रियालाई प्रभावित पार्ने आर्थिक चलखेल हुने गरेको आरोपसमेत स्रोतले लगाएको छ। यि आरोप सामान्य प्रहरी आचरणको प्रश्नमा मात्र सीमित रहँदैन। यसले अनुसन्धानको निष्पक्षता, पीडितको न्यायमा पहुँच तथा प्रहरी संगठनप्रतिको सार्वजनिक विश्वासमाथि गम्भीर असर पार्न सक्छ।

**'हाकिमको नाममा असुली'को आरोप**

स्रोतहरूले ठाकुरले कार्यालय प्रमुखसँग निकट सम्बन्ध कायम गरेर उनीहरूको नाम प्रयोग गरी आर्थिक लाभ लिने गरेको आरोपसमेत लगाएका छन्। कार्यालय प्रमुखका परिवारका सदस्यसँग निकटता बढाउने, उपहार दिने तथा त्यसको माध्यमबाट सम्बन्ध मजबुत बनाउने गरेको दाबी पनि स्रोतले गरेको छ।

नेपाल प्रहरीजस्तो संवेदनशील सुरक्षा संगठनमा कार्यरत कुनै कर्मचारीमाथि यस्ता आरोप उठेपछि त्यसलाई सामान्य गुनासोका रूपमा बेवास्ता गर्नुको सट्टा संस्थागत रूपमा छानबिन गर्नु आवश्यक हुन्छ । आरोप गलत भए सम्बन्धित कर्मचारीको प्रतिष्ठा जोगिन्छ भने आरोपमा तथ्य भए जिम्मेवार व्यक्तिमाथि कारबाहीको बाटो खुल्छ।

**चाडपर्वमा राजस्व चुहावट रोक्न चुनौती**

वडा दशैं, दीपावली र छठजस्ता ठूला चाडपर्वमा बजारमा उपभोग्य सामानको माग उच्च हुन्छ।

यही समयलाई लक्षित गरी सीमाबाट भन्सार छलीका सामान भित्र्याउने समूह सक्रिय हुने सम्भावना रहन्छ । भन्सार नतिरी सामान भित्रिँदा राज्यको राजस्वमा प्रत्यक्ष असर पर्छ। वैध रूपमा कारोबार गर्ने व्यवसायीसमेत असमान प्रतिस्पर्धाको मारमा पर्न सक्छन् । त्यसैले सीमावर्ती क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार कार्यालय तथा स्थानीय प्रशासनबीच समन्वय बढाउँदै नियमित अनुगमन र जाँच प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

अझ महत्वपूर्ण कुरा, सुरक्षा निकायकै कर्मचारीमाथि तस्करीसँग मिलेमतो गरेको आरोप लागेपछि आन्तरिक निगरानी र अनुसन्धानलाई समेत प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ । जिल्ला प्रहरी कार्यालय बाराले सीमा क्षेत्रमा तस्करी नियन्त्रणका लागि के–कस्ता कदम चालिरहेको छ, आरोपमा नाम जोडिएका प्रहरी कर्मचारीको भूमिका के हो, उनीविरुद्ध कुनै उजुरी परेको छ कि छैन र संगठनभित्रबाट कुनै अनुसन्धान भइरहेको छ कि छैन भन्ने विषय सार्वजनिक हुन आवश्यक छ।

बाराको सीमाबाट चाडपर्वको मुखमा भइरहेको भनिएको सामान ओसारपसारलाई सामान्य चोरी–तस्करीको घटनाका रूपमा मात्र हेर्नुभन्दा पनि सीमा सुरक्षा, राजस्व संरक्षण र प्रहरीको जवाफदेहितासँग जोडिएको विषयका रूपमा हेर्नुपर्ने देखिन्छ । अब सम्बन्धित सुरक्षा निकायले आरोपमाथि स्पष्ट छानबिन गरेर वास्तविकता सार्वजनिक गर्छ कि गर्दैन भन्ने विषय महत्वपूर्ण बनेको छ।

# मधेशमा दुई महिनामै विपद्को कहरः ९२ जनाको मृत्यु, ५१० परिवार प्रभावित




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा चालु आर्थिक वर्ष २०८३/८४ को सुरुवाती दुई महिनामै विपद्का घटनाले ठूलो मानवीय तथा भौतिक क्षति पु¥याएको छ। साउन र भदौमा मात्रै प्रदेशका आठ जिल्लामा ४५९ वटा विपद्का घटना हुँदा ९२ जनाले ज्यान गुमाएका छन् भने ५१० परिवार प्रभावित भएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका अनुसार विपद्मा परी मृत्यु हुनेमा ४७ पुरुष, १९ महिला र २६ बालबालिका छन्। आगलागी, बाढी, डुबान, चट्याङ, करेन्ट, पानीमा डुब्ने तथा जङ्गली जनावरको आक्रमणलगायतका घटनाले दुई महिनाको अवधिमा ठूलो क्षति निम्त्याएको हो।

प्रहरीको तथ्यांकअनुसार करेन्ट लाग्नु मधेसमा मानवीय क्षतिको प्रमुख कारण बनेको छ । साउन र भदौमा करेन्ट लागेका १०७ घटनामा मात्रै ३९ जनाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए । त्यसपछि पानीमा डुबेर मृत्यु हुनेको संख्या धेरै छ। दुई महिनामा पानीमा डुबेर २९ जनाले ज्यान गुमाएका छन् । जङ्गली जनावरको आक्रमणबाट पाँच, चट्याङबाट तीन र आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। अन्य विभिन्न विपद्का घटनामा थप १३ जनाको मृत्यु भएको छ।

विपद्को चपेटामा बालबालिकासमेत ठूलो संख्यामा परेका छन्। विशेषगरी बाढी, डुबान, पोखरी तथा अन्य जलाशयमा डुब्ने घटनाका साथै करेन्ट र अन्य जोखिमपूर्ण घटनामा बालबालिकाको मृत्यु हुने गरेको प्रहरीले जनाएको छ । वर्षायामसँगै मधेसमा बाढी र डुबानको जोखिम बढ्ने गरेको छ। नदी तथा खोलामा पानीको बहाव बढ्नुका साथै ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी र अन्य जलाशय जोखिमको कारण बन्ने गरेका छन्। यस्ता स्थानमा डुबेर जनधनको क्षति हुने क्रमसमेत दोहोरिने गरेको प्रहरीको भनाइ छ।

**आगलागी र करेन्टका घटना उच्च**

प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार दुई महिनामा मात्रै आगलागीका ११२ र करेन्ट लागेका १०७ घटना भएका छन् । त्यस्तै पानीमा डुबेका ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना दर्ता भएका छन्। आगलागी र करेन्टसँग सम्बन्धित घटनाको संख्या उल्लेख्य रहेकाले जोखिम न्यूनीकरणका लागि पूर्वसावधानी र जनचेतना आवश्यक रहेको वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए।

विपद्का ४५९ घटनाबाट प्रदेशमा रु दुई करोड ९२ लाख ४७ हजार ५५५ बराबरको भौतिक क्षति भएको प्रहरीको तथ्यांक छ । यसमध्ये आगलागीले मात्रै ठूलो हिस्सा ओगटेको छ। प्रहरीका अनुसार दुई महिनामा आगलागीका कारण २१२ परिवारका घर जलेका छन् । आगलागीबाट मात्रै रु दुई करोड ७० लाख १३ हजार ३५० बराबरको क्षति भएको छ।

त्यसैगरी बाढी तथा पहिरोबाट रु ११ लाख ९० हजार, चट्याङबाट रु तीन लाख, जङ्गली जनावरको आक्रमणबाट रु दुई लाख ७२ हजार तथा अन्य विपद्का घटनाबाट रु चार लाख ६३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

**५१० परिवार प्रभावित, २,८६९ प्रहरी परिचालन**

विपद्का घटनाबाट प्रभावित ५१० परिवारमध्ये कतिपय विस्थापित भएका छन् भने कतिपयको घर तथा सम्पत्तिमा क्षति पुगेको छ । बाढी तथा डुबानका कारण ग्रामीण बस्ती, सडक र अन्य भौतिक संरचनासमेत प्रभावित हुने गरेका छन्।

नदी तथा खोलाको पानी बस्तीमा पस्दा स्थानीयलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउने गरेको वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए । प्रभावित नागरिकको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत व्यवस्थापनका लागि स्थानीय प्रशासन, स्थानीय तह र सुरक्षा निकायबीच समन्वय हुँदै आएको उनले जानकारी दिए।

विपद् व्यवस्थापन तथा उद्धारका क्रममा दुई महिनामा २ हजार ८६९ जना प्रहरी परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । प्रहरी टोलीले खोज तथा उद्धार, प्रभावितको स्थानान्तरण, राहत व्यवस्थापन तथा जोखिमपूर्ण क्षेत्रमा तत्काल परिचालन भएर काम गर्दै आएको छ। मधेश प्रदेशका आठवटै जिल्लामा विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन